अदालतले भर्ने ..........
दर्ता नं. ....................
दर्ता मिति ................

# श्री काठमाडौं जिल्ला अदालतमा

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको**

**अभियोग पत्र**

२०८०/०८१ सालको निर्णय नम्बरः- .................

ईश्वर बहादुर विश्वकर्माको जाहेरीले नेपाल सरकार..........................................................१ } **वादी**

**विरुद्ध**

महेन्द्र शेरचन को छोरा, **गण्डकी प्रदेश,** जिल्ला वाग्लुङ वाग्लुङ न.पा वडा नं. ३ घर भई हाल बागमती प्रदेश, काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा वडा नं.०६ बौद्ध वस्ने वर्ष ४१ को **आशिस शेरचन** (ना.प्र.नं.४४७८ वाग्लुङ)**.............................................(फरार).........१** } **प्रतिवादी**

**मुद्दाः जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसुर ।**

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **ईश्वर बहादुर विश्वकर्माको जाहेरी दरखास्तः-**

प्रस्तुत विषयमा प्रतिवादी आशिस शेरचनसंग विगत १२ वर्ष देखि चिनजान रहि आएको थियो । पछिल्लो समयमा म आफ्नो कार्य सम्पादन गर्नको लागी मिति २०८०।०३।०८ गते करिब ३ वजेको समयमा राजधानी दैनिकको कार्यालयमा पुग्दा निज विपक्षीले श्याम श्रेष्ठ र खड्ग भुजेललाई म जाहेरवालालाई केही कुरा स्पष्ट पार्नु छ भनी बोलाउन भनी पठाए पश्चात आवश्यक ठानी निज विपक्षिहरु रहेको पुजा भएको हलमा गई बोल्न लगाए पनी बोल्न नदिई विभिन्न अपशब्द का साथै गाली गलौज गर्नुका साथै निज विपक्षिले आयोजना र अगुवाई गरेको कार्यक्रममा उनकै नेतृत्व र उक्साहटमा आज कामीलाई कुट्नुपर्छ ,आज कामीले कुटाई खाने

भो ,जस्ता संविधानले दण्डनिय मानेको विषयमा दुरव्यवहार गरेको तथा म अध्यक्ष रहेको नेपाल पत्रकार महासंघ राजधानी दैनिक प्रतिष्ठान शाखाले निकालेको विज्ञप्तीको बारेमा छलफल गर्ने क्रममा म जाहेरवालालाई रोशन श्रेष्ठले कुट्न समेत उठी आशिष शेरचनको निर्देशनमा ज्यान लिने उद्देश्य नै राखेर उक्त हलको ताला लगाई सटर आधा लगाउने साथै मुल गेटको समेत ताला लगाई ज्यान लिने खोजेको हुँदा निजले जानी जानी सम्पुर्ण काम गरी निजले मुलुकी अपराध संहिता २०७४ को १२ (१७७) मुलुकी फौजदारी संहिता २०७४ को जातिय तथा छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ तथा फौजदारी कसुर सजाय निर्धारतथा कार्यविधी २०७४ बमोजिमको कसुर गरेकाले निजलाई सोही कसुरमा पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेतको जाहेरवाला ईश्वर बहादुर विश्वकर्माले दिएको **जाहेरी दरखास्त ।**

२. **<u>घटनास्थल मुचुल्का:-</u>**

का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल सरस्वतीनगर स्थित पुर्वमा खाली जग्गा (कवाड समान राखिएको स्थान) पश्चिममा धोविखोला करिडोर सडक ,उत्तरमा कपन तर्फ जाने सडक बाटो ,दक्षिणमा गल्ली सडक बाटो यति चार किल्ला भित्र रहेको राजधानी दैनिक पत्रिकाको भवन ,सो भवन तिन तल्लाको रहेको ,उक्त भवनको भुई तलामा पश्चिम तर्फबाट भित्र प्रवेश गर्ने मुल सटर रहेको ,सो सटर ढोकाबाट भित्र प्रवेश गरी हेर्दा उक्त भुई तलामा पुर्व तर्फ भित्तामा सटाएर राखिएको प्रेस छापाखानाको ४१ लेखिएको मेसिन उत्तर देखि दक्षिण सम्म लहरै रहेको ,सोदेखि पश्चिम तर्फ खाली जग्गा स्थान रहेको उक्त खाली जग्गामा मिति २०८०।०३।०८ गते अं.१५:३० वजेको समयमा स्वस्ती शान्तिको पुजाको कार्यक्रम पश्चात पुजाको प्रसाद ग्रहण गर्ने क्रममा जाहेरवाला ईश्वर बहादुर विश्वकर्मालाई आशिस शेरचनले धाकधम्की दिई जातिय रुपमा भेदभाव जन्य कार्य गरेको भन्ने देखाईए बमोजिमको **घटनास्थल मुचुल्का ।**

**३. <u>बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज:</u>**

**(क) <u>टेक बहादुर रोकाले गरी दिएको घटना विवरण कागज:</u>**

ईश्वर बहादुर विश्वकर्मा नेपाल पत्रकार महासंघ राजधानी प्रतिष्ठान शाखाका अध्यक्ष हुन । आशिष शेरचन राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का संचालक सदस्य हुन । राजधानी दैनिक पत्रिकाको मुख्य कार्यालयको भवन का.जि.का.म.न.पा वडा नं.०७ सरस्वती नगर स्थितमा अवस्थित रहेको छ । मिति २०८०१०३०८ गते राजधानी न्यूज पब्लिकेशन प्रा.लि. मा स्वस्ती शान्ति पुजाको कार्यक्रम आयोजना गरीएको रहेछ । म नियमित कामकाजको लागी कार्यालयको आफ्नो कार्यकक्षमा थिए । भुई तलामा पुजाको कार्यक्रम भई रहेको थियो । म वसेको स्थानमा ईश्वर बहादुर विश्वकर्मा केही समयमा आउनु भयो । त्यसको केही समय नबित्दै राजधानी पत्रिकामा कार्यरत दुई जना कर्मचारी साथीहरुले ईश्वर बहादुर विश्वकर्मालाई केही कुराहरुको स्पष्टा पारिदिनु भन्दै पुजा भएको स्थानमा लिई गए । मलाई समेत तपाई पनी जाऔं भन्दै थिए, मलाई पुजाको पुर्व कुनै सुचना नभएकाले मैले जान ईन्कार गरी दिए । म आफ्नै कार्यकक्षमा वसी रहेको अवस्थामा केही समय पछि ईश्वर बहादुर विश्वकर्मा आई म माथि जातिय विभेद, जातिय रुपमा भेदभावजन्य कार्य भयो । साथै ईश्वर बहादुर विश्वकर्मालाई ढोका थुनेर कुटपिटको प्रयास भएको भन्ने सविन शर्मा, राम सुदन तिमल्सिना समेतका साथीहरुले बताए पश्चात थाहा पाए । लगत्यै नेपाल पत्रकार महासंघ केन्द्रिय समितीका वरिष्ठ उपाध्यक्ष रमेश विष्टलाई ईश्वर बहादुर विश्वकर्मालाई भेटाएर घटनाबारे जानकारी गराएको थिए । यसरी निज प्रतिवादी आशिस शेरचनले नेतृत्व गरेको पुजा कार्यक्रममा ईश्वर बहादुर विश्वकर्मालाई कार्यालयको समस्या समाधानको लागी सम्पुर्ण कर्मचारी साथीहरुलाई नेपाल पत्रकार महासंघको

धारणबारे स्पष्ट पारिदिनु भनी बोलाई प्रतिवादी आशिस शेरचनको उक्साहटमा उक्त कार्यक्रममा उपस्थित भएका मानिसहरु समेतले आज कामीलाई कुट्नुपर्छ, आज कामीले कुटाई खाने भो, जस्ता संविधानले दण्डनिय मानेको विषयमा दुरव्यवहार गरेको भन्ने जाहेरवाला समेत राम सुदन तिमल्सिना, सविन शर्मा समेतले बताए पश्चात थाहा पाएको हुँ भन्ने समेत व्यहोराको **बुझिएका मानिस टेक बहादुर रोकाको घटना विवरण कागज।**

**(ख) सविन शर्माको घटना विवरण कागजः**

आशिष शेरचन राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का संचालक सदस्य हुन । राजधानी दैनिक पत्रिकाको मुख्य कार्यालयको भवन का.जि.का.म.न.पा वडा नं. ०७ सरस्वती नगर स्थितमा अवस्थित रहेको छ । मिति २०८०१०३३०८ गते राजधानी न्यूज पब्लिकेशन प्रा. लि. मा स्वस्ती शान्ति पुजाको कार्यक्रम रहेको भन्ने राजधानी दैनिक पत्रिकाको कर्मचारीहरु रहेको सामाजिक संजाल फेसवुकको ग्रुपबाट थाहा पाएको थिए। उक्त ग्रुप म्यासेजमा सम्पुर्ण कर्मचारीहरुलाई उपस्थित हुन भनी आमन्त्रणा गरीएको थियो। कार्यक्रममा राजधानी दैनिक पत्रिका प्रकाशसन सम्बन्धी विषयमा छलफल हुने भनी भनिएको थियो । म उक्त दिनको अं.१३:३० वजेको समयमा कार्यक्रम स्थल भनिएको का.जि.का.म.न.पा वडा नं. ०७ सरस्वतीनगर स्थितमा रहेको राजधानी दैनिक पत्रिकाको कार्यालयमा पुगेको थिए । उक्त कार्यक्रममा विपक्षी आशिष शेरचन समेत रोशन श्रेष्ठ समेत थिए । पत्रिका बन्द हुदाँ नेपाल पत्रकार महसंघ राजधानी प्रतिष्ठान शाखाका अध्यक्ष ईश्वर बहादुर विश्वकर्माले पत्रिका कहिले सम्म बन्द रहने हो ? प्रकाशस हुने हो होईन ? पत्रिकामा हामी पत्रकार कर्मचारीले के काम गर्ने ? पत्रिकाको प्रशासन प्रमुखको भुमिका के हो भनी पत्रिकाका तत्कालिन अध्यक्ष नन्दा शेरचनलाई पत्राचार गरेका थिए। सोहि विषय उल्लेख गर्दै तत्कालिन अध्यक्ष नन्दा शेरचनले विज्ञप्ती मार्फत पत्रिका केही समय बन्द रहने, आवश्यक गृहकार्य गरी पत्रिका पुनः प्रकाशनमा ल्याउने, हाल जुन अवस्थामा कर्मचारी रहेका छन सोही अवस्थामा रहनु, प्रशासन प्रमुख देव श्रेष्ठलाई पदमुक्त गरी प्रशासन तर्फको सम्पुर्ण जिम्मेवारी आफैले लिएको भनी जानकारी गराएको हुदाँ पत्रिका बन्द हुने अवस्थामा पुग्यो, यति धेरै कर्मचारीहरुलाई वेरोजगारी बनाउने काम भयो, यसको सम्पुर्ण जिम्मा ईश्वर बहादुर विश्वकर्माले लिनुपर्दछ भनी आशिष शेरचनले उक्त कार्यक्रममा बताए, त्यस पश्चात कार्यक्रममा जम्मा भएका कर्मचारीको भिड आकोशमा आई आज यस कामीलाई कुट्नु पर्दछ, कामीको छोरालाई त्यसै छाड्न हुन्न, कालोमसो दल्नु पर्दछ भनी भिडबाट कराएका हुन। उक्त कुराहरु को कस्ले बोलेका हुन ठम्याउन सकिएन। त्यस समय सम्म इश्वर बहादुर विश्वकर्मा उक्त कार्यक्रममा थिएनन, भिडबाटै इश्वर बहादुर विश्वकर्मालाई वोलाउनु पर्दछ, यस कुराको जवाफ निजले दिनुपर्दछ भनी माग भए अनुसार एकजना कर्मचारी गई ईश्वर बहादुर विश्वकर्मालाई गई बोलाई ल्याए, इश्वर बहादुर विश्वकर्मा कार्यक्रम स्थलमा आई विज्ञप्तीको वारेमा वोल्दै गर्दा रोशन श्रेष्ठले उठी तपाईले वेकामे कुराहरु नगर्नुहोस भनी गाली गर्दै भिडलाई उचाल्ने कार्य गरे। त्यसपछि कर्मचारीहरुको भिडले ईश्वर बहादुर विश्वकर्मालाई हात हाल्न आएको हुदाँ म समेतले भिडलाई रोकी भित्र तर्फ रहेको ढोकाबाट निस्कन खोज्दा उक्त ढोकामा ताल्चा लगाएको र मुल सटर समेत आधा लगाएको र बाहिर निस्कन खोज्दा मुल ढोकामा समेत ताल्चा लगाएको हुदाँ बाहिर निस्कन नसकि माथिल्लो तलामा गई सम्पादन विभागको कोठामा गई वसेका हुन । पछि भिड साम्य भए पश्चात करिब साँझको अं.१७.३० वजेको समयमा निस्की गएका हुन । अन्य कानुन बमोजिम होस भन्ने समेत व्यहोराको **सबिन शर्माको घटना विवरण कागज।**

**(ग) रोशन कुमार श्रेष्ठले गरिदिएको घटना विवरण कागजः**

ईश्वर बहादुर विश्वकर्मा नेपाल पत्रकार महासंघ राजधानी प्रतिष्ठान शाखाका अध्यक्ष हुन । आशिष शेरचन राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का संचालक सदस्य हुन । राजधानी दैनिक पत्रिकाको मुख्य कार्यालयको भवन का.जि.का.म.न.पा बडा नं.०७ सरस्वती नगर स्थितमा अवस्थित रहेको छ । मिति २०८०।०३।०८ गते राजधानी न्यूज पब्लिकेशन प्रा.लि. मा स्वस्ती शान्ति पुजाको कार्यक्रम रहेको भन्ने वितरण प्रमुख सन्तोष शर्माले निमान्त्रणा गर्नु भएको हुदाँ म उक्त दिन करिब दिनको अं.११:०० बजेको समयमा कार्यक्रम स्थल भनिएको का.जि.का.म.न.पा वडा नं. ०७ सरस्वतीनगर स्थितमा रहेको राजधानी दैनिक पत्रिकाको कार्यालयमा पुगेको थिए। उक्त कार्यक्रममा आशिष शेरचन समेत थिए । पुजाको कार्यक्रम चलिरहदा उपस्थित भएका वितरण विभागमा काम गर्ने कर्मचारीहरु समेतले वितरण विभाग प्रमुख सन्तोष शर्मालाई पत्रिकाको भविष्य के हो ? पत्रिका कहिले देखि संचालनमा आउने हो ? हाम्रो रोजीरोटीको सवाल के हुन्छ ? भन्ने जिज्ञासा सहितको प्रश्न गरे पश्चात सन्तोष शर्माले ठिकै छ, संचालक समितीका सदस्य आशिष शेरचन कार्यालयमा नै हुनुहुन्छ, उहाँसंग एक पटक तपाईहरु आफैले सोध्नुहोस भनी भनेपछि आशिष शेरचनलाई कार्यक्रम स्थलमा बोलाई, सोही प्रश्न गरीएको थियो । आशिष शेरचनले हामी कुनै हालतमा पत्रिका बन्द हुन दिदैनौ । पत्रिका संचालनको लागी हामी लागी परेका छौ । तपाईहरुको साथ सहयोग चाहिएको छ । ईश्वर बहादुर विश्वकर्माले पत्रकार महासंघले राजधानि प्रतिष्ठान शाखाको नाममा निकालिएको विज्ञप्तिले केही समस्या वनाएको छ, तै पनी हामी हाम्रो बहुमतको अधिकार प्रयोग गरी पत्रिका संचालन गछौ भन्ने जवाफ दिनु भएको थियो । त्यसपछि जम्मा भएको वितरण विभागका कर्मचारीहरुले ईश्वर बहादुर विश्वकर्मालाई बोलाउनु पर्यो, यस विषयमा निजले जवाफ दिनुपर्यो भनी आवाज उठाएका हुदाँ पछि वितरण विभाग युनियनका अध्यक्ष शिव गौतमले ईश्वर बहादुर विश्वकर्मालाई बोलाउन पठाए । त्यसपछि इश्वर बहादुर विश्वकर्मा कार्यक्रम स्थलमा आई आफ्नो भनाईहरु राख्दै गर्दा वितरण विभागका कर्मचारीहरुले निज ईश्वर बहादुर विश्वकर्माको जवाफ चित्त नवुझेको हुदं निजलाई तपाई किन झुट वोलि रहनु भएको छ, पत्रिका बन्द गर्नमा तपाईको स्वार्थ के हो ? प्रेस विज्ञप्ती निकाल्दा आफ्नो स्वार्थ अनुसार निकाल्ने भनी प्रश्न गरे । ईश्वर बहादुर विश्वकर्माले मैले विज्ञप्ती निकाल्दा पत्रिकाको केन्द्रिय अध्यक्ष र महासचिवको स्विकृती लिएर मात्र निकाल्नु पर्छ, होईन भने मिल्दैन भनी जवाफ दिएका थिए । त्यसपछि मैले प्रतिष्ठान शाखाको अध्यक्षले शाखाको नाममा विज्ञप्ती निकाल्नलाई केन्द्रिय अध्यक्ष र महासचिवलाई सोध्नु पर्दैन, यस्तो अनावश्यक कुरा गरेर भ्रम छर्ने काम नगर्नुहोस भनेको हुँ । मेरो यस कुरालाई म संगै रहेका राजधानी सम्पादन शाखाका सहकर्मी सविन शर्मा र अर्का सहकर्मी राम सुदन तिमल्सिनाले समेत साथ दिएका थिए । त्यसपछि कर्मचारीहरुको भिडले ईश्वर बहादुर विश्वकर्मालाई जवाफ दिनै पर्छ भनी दबाब दिई रहेका थिए । त्यसपछि भिडलाई साम्य पार्न ईश्वर बहादुर विश्वकर्मालाई विवाद नगरौ भनी, पुजाको प्रसाद ग्रहण गरौ भन्दै सवै जना बाहिर कम्पाउण्डमा निस्की गएका हौं । अन्य कानुन बमोजिम होस भन्ने समेत व्यहोराको **बुझिएका मानिस रोशन कुमार श्रेष्ठको घटना विवरण कागज** ।

**(घ) राम सुदन तिमल्सिनाले गरिदिएको घटना विवरण कागजः**

ईश्वर बहादुर विश्वकर्मा नेपाल पत्रकार महसंघ राजधानी प्रतिष्ठान शाखाका अध्यक्ष हुन । आशिष शेरचन राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का संचालक सदस्य हुन । राजधानी दैनिक पत्रिकाको मुख्य कार्यालयको भवन का.जि.का.म.न.पा वडा नं. ०७ सरस्वती नगर स्थितमा अवस्थित रहेको छ । मिति २०८०।०३।०८ गते राजधानी

न्यूज पब्लिकेशन प्रा.लि. मा स्वस्ती शान्ति पुजाको कार्यक्रम रहेको भन्ने प्रशासन प्रमुख देव श्रेष्ठले निमान्त्रणा गर्नु भएको हुदाँ म उक्त दिन करिब दिनको अं.१३:०० वजेको समयमा कार्यक्रम स्थल भनिएको का.जि.का.म.न.पा वडा नं. ०७ सरस्वतीनगर स्थितमा रहेको राजधानी दैनिक पत्रिकाको कार्यालयमा पुगेको थिए। उक्त कार्यक्रममा विपक्षी आशिष शेरचन समेत रोशन श्रेष्ठ समेत थिए। पत्रिका बन्द हुदाँ नेपाल पत्रकार महसंघ राजधानी प्रतिष्ठान शाखाका अध्यक्ष ईश्वर बहादुर विश्वकर्माले पत्रिका कहिले सम्म बन्द रहने हो ? प्रकाशस हुने हो होईन ? पत्रिकामा हामी पत्रकार कर्मचारीले के काम गर्ने ? पत्रिकाको प्रशासन प्रमुखको भुमिका के हो भनी पत्रिकाका तत्कालिन अध्यक्ष नन्दा शेरचनलाई पत्राचार गरेका थिए। सोहि विषय उल्लेख गर्दै तत्कालिन अध्यक्ष नन्दा शेरचनले विज्ञप्ती मार्फत पत्रिका केही समय बन्द रहने, आवश्यक गृहकार्य गरी पत्रिका पुनः प्रकाशनमा ल्याउने, हाल जुन अवस्थामा कर्मचारी रहेका छन सोही अवस्थामा रहनु, प्रशासन प्रमुख देव श्रेष्ठलाई पदमुक्त गरी प्रशासन तर्फको सम्पुर्ण जिम्मेवारी आफैले लिएको भनी जानकारी गराएको हुदाँ पत्रिका बन्द हुने अवस्थामा पुग्यो, यति धेरै कर्मचारीहरुलाई वेरोजगारी बनाउने काम भयो, यति धेरै कर्मचारी बेरोजगार वनाउने कार्य भयो तत्काल किन पत्रकार महासंघले विज्ञप्ती ननिकालेको भनी ईश्वर बहादुर विश्वकर्मालाई स्पष्ट पार्न भनी आशिष शेरचनले सोधे पश्चात, त्यसपछि कार्यक्रममा जम्मा भएका कर्मचारीको भिड आकोशमा आई वाद विवाद गरी रहेका थिए, त्यस समय सम्म इश्वर बहादुर विश्वकर्मा उक्त कार्यक्रममा थिएनन, भिडबाटै इश्वर बहादुर विश्वकर्मालाई वोलाउनु पर्दछ, यस कुराको जवाफ निजले दिनुपर्दछ भनी माग भए अनुसार एकजना कर्मचारी गई ईश्वर बहादुर विश्वकर्मालाई गई बोलाई ल्याए, इश्वर बहादुर विश्वकर्मा कार्यक्रम स्थलमा आई विज्ञप्तीको वारेमा वोल्दै गर्दा रोशन श्रेष्ठले उठी तपाईले वेकामे कुराहरु नगर्नुहोस भनी निजहरु दुईजना विच समान्य विवाद भएको हो। त्यसपछि कर्मचारीहरुको भिडले ईश्वर बहादुर विश्वकर्मालाई जवाफ दिनै पर्छ भनी दबाब दिई रहेका थिए। त्यसपछि भिडलाई साम्य पार्न ईश्वर बहादुर विश्वकर्मालाई विवाद नगरौ भनी, पुजाको प्रसाद ग्रहण गरौ भन्दै सवै जना बाहिर कम्पाउण्डमा निस्की गएका हौँ। अन्य कानून बमोजिम होस भन्ने समेत व्यहोराको **बुझिएका मानिस राम सुदन तिमल्सिनाको घटना विवरण कागज**।

## <u>अभियुक्त उपरको अभियोगः</u>

यसमा महानगरीय **प्रहरी वृत्त गौशला,** काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न गरी प्राप्त हुन आएको **मिसिल संलग्न ईश्वर बहादुर विश्वकर्माको जाहेरी दरखास्त, बुझिएका मानिस सविन शर्मा, राम सुदन तिमल्सिना, रोशन कुमार श्रेष्ठ र टेक बहादुर रोका समेतलेले गरिदिएको कागज समेतका संकलित कागज** अध्ययन गरि हेर्दा, उम आफ्नो कार्य सम्पादन गर्नको लागी मिति २०८०।०३।०८ गते अं.करिब ३ वजेको समयमा राजधानी दैनिकको कार्यालयमा पुग्दा निज विपक्षीले श्याम श्रेष्ठ र खड्ग भुजेललाई म जाहेरवालालाई केही कुरा स्पष्ट पार्नु छ भनी बोलाउन भनी पठाए पश्चात आवश्यक ठानी निज विपक्षिहरु रहेको पुजा भएको हलमा गई बोल्न लगाए पनी बोल्न नदिई विभिन्न अपशब्द का साथै गाली गलौज गर्नुका साथै निज विपक्षिले आयोजना र अगुवाई गरेको कार्यक्रममा उनकै नेतृत्व र उक्साहटमा आज कामीलाई कुट्नुपर्छ ,आज कामीले कुटाई खाने भो ,जस्ता संविधानले दण्डनिय मानेको विषयमा दुरव्यवहार गरेको तथा म अध्यक्ष रहेको नेपाल पत्रकार महासंघ राजधानी दैनिक प्रतिष्ठान शाखाले निकालेको विज्ञप्तीको बारेमा छलफल गर्ने क्रममा म जाहेरवालालाई रोशन श्रेष्ठले कुट्न समेत उठी आशिष शेरचनको निर्देशनमा ज्यान लिने उद्देश्य नै राखेर उक्त हलको ताला लगाई सटर आधा लगाउने साथै मुल गेटको समेत ताला लगाई

ज्यान लिने खोजेको हुँदा निजले जानी जानी सम्पुर्ण काम गरी निज लाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाँउ भन्ने समेतको जाहेरवाला ईश्वर बहादुर विश्वकर्माले दिएको **जाहेरी दरखास्त,** का.जि.का.म.न.पा.वडा नं. ७ चावहिल सरस्वतीनगर स्थितमा रहेको राजधानी दैनिक पत्रिकाको भवनको भुई तलामा रहेको खाली जग्गा स्थानमा मिति २०८०।०३।०८ गते अं.१५:३० वजेको समयमा स्वस्ती शान्तिको पुजाको कार्यक्रम पश्चात पुजाको प्रसाद ग्रहण गर्ने क्रममा जाहेरवाला ईश्वर बहादुर विश्वकर्मालाई आशिस शेरचनले धाकधम्की दिई जातिय रुपमा भेदभाव जन्य कार्य गरेको भन्ने देखाईए बमोजिमको **घटनास्थल मुचुल्का,** जाहेरी व्यहोरा समर्थन गरी बुझिएका मानिस **सविन शर्मा, राम सुदन तिमल्सिना, रोशन कुमार श्रेष्ठ र टेक बहादुर रोकाले गरी दिएको घटना विवरण कागज** समेतको आधार प्रमाणबाट मिति २०८०।०३।०८ गते अं.करिब १५:०० वजेको समयमा राजधानी दैनिकको कार्यालयमा प्रतिवादी आशिस शेरचनले जाहेरवाला ईश्वर बहादुर विश्वकर्मालाई केही कुरा स्पष्ट पार्नु छ भनी राजधानी पत्रिकाको कार्यालयमा भई रहेको पुजा हलमा बोलाई पुजा कार्यक्रममा बोल्न लगाए पनी बोल्न नदिई विभिन्न अपशब्द बोल्नुका साथै गाली गलौज गर्नुका साथै निज विपक्षिले आयोजना र अगुवाई गरेको कार्यक्रममा उनकै नेतृत्व र उक्साहटमा आज कामीलाई कुट्नुपर्छ ,आज कामीले कुटाई खाने भो,जस्ता अपशब्दहरु बोली जातिपातिको आधारमा भेदभावपुर्ण व्यवहार गरेको स्थापित हुन आयो।

अतः निज प्रतिवादी आशिस शेरचनले **मुलुकी अपराध संहिता २०७४ को दफा १६६ (१)** बमोजिमको कसुर अपराध गरेको स- प्रमाण पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजायः-**

निज प्रतिवादी आशिस शेरचनले **मुलुकी अपराध संहिता २०७४ को दफा १६६ (१)** बमोजिम कसुर अपराध गरेको हुदाँ निज प्रतिवादीलाई **सोही संहिताको दफा १६६ को उपदफा (२)** बमोजिम सजाय हुन समेत माग दाबी लिई **सक्कल मिसिल** यसै अभियोग पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ।

हालसम्म **फरार** रहेका प्रतिवादी आशिस शेरचनलाई सम्मानित अदालतबाटै मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ५७ बमोजिम हुन अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको माग दावी र आधारः**

**क्षतिपुर्तिको माग दावीः**

मुलुकी अपराध संहिता, २०७४ को दफा १६९ बमोजिम निज प्रतिवादीबाट पीडित जाहेरवालालाई मनासिब क्षतिपुर्ति समेत दिलाई भराई पाउन अनुरोध छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

**अभियोग दावीसँग सम्बन्धित कानुनी व्यवस्थाः**

**मुलुकी अपराध संहिता, २०७४ को दफा १६६;जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यबहार गर्न नहुनेः**

(१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारिरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश

गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न वञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट वञ्चित गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ।

**दफा १६९;क्षतिपुर्ति भराई दिनु पर्ने**:यस परिच्छेद बमोजिमको कसुर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपुर्ति भराई दिनु पर्नेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता रहेको खुली आएका बखत मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ३५ बमोजिम थप दावी लिईने ब्यहोरा समेत अनुरोध।

**सबुद प्रमाणः**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धीत चिज वस्तुः**

घटनास्थलको सि.सि.टि.भि फुटेज भएको पेन ड्राईभ थान-१।

**गवाहः जाहेरवाला** ईश्वर बहादुर विश्वकर्मा।

**देख्ने/सुन्नेः** सविन शर्मा, राम सुदन तिमल्सिना, रोशन कुमार श्रेष्ठ र टेक बहादुर रोका।

**प्रस्तुत कागजपत्रहरुः**

१. मिति २०८०/०३/११ गतेको जाहेरी दरखास्त पाना-२ र साथ संलग्न कागजातहरु पाना ५।
२. ऐ.ऐ.को जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौको पत्र।
३. ऐ.१२ गतेको खुलाई पठाई दिन लेखिएको पत्र।
४. ऐ.१४ गतेको राजधानी न्यूज पब्लिकेशन प्रा.लि.को पत्र।
५. ऐ.२७ गतेको नवराज गोतामे समेतले गरी दिएको कागज पाना २।
६. ऐ.ऐ.को मुकुन्द खनालले गरेको कागज पाना २।
७. ऐ.ऐ.को स्पष्ट पारिएको पत्रको प्रतिलिपी।
८. ऐ.१२ गतेको घटनास्थल मुचुल्का पाना २।
९. ऐ.२९ गतेको श्याम कुमार श्रेष्ठ समेतले गरेको कागज पाना २।
१०. ऐ.१३ गते राष्ट्रिय दलित आयोगमा पेश गरेको निवेदन पाना २।
११. ऐ.१७ गतेको राष्ट्रिय दलित आयोगको पत्र।
१२. ऐ.१८ गतेको जिल्ला प्रहरी परिसर टेकुको पत्र।
१३. ऐ.ऐ.को मनोज खत्रीले गरेको कागज पाना २।
१४. ऐ.२० गते राष्ट्रिय मानव अधिकार आयोगको पत्र।
१५. ऐ.०४।२४ गतेको जिल्ला प्रशासन कार्यालयको पत्र।
१६. ऐ.२५ गतेको जिल्ला प्रशासन कार्यालयको पत्र।

१७. ऐ.०३।१७ गतेको राजधानी न्यूज पब्लिकेशनको पत्र।
१८. ऐ.।०४।३१ गतेको जानकारी उपलब्ध गराएको पत्र।
१९. ऐ.०५।१५ गतेको घटना विवरण कागज पाना २।
२०. ऐ.१९ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र।
२१. ऐ.ऐ.को प्रारम्भिक अनुसन्धान प्रतिवेदन।
२२. ऐ.ऐ.को अनुसन्धान अधिकृतको आचारसंहिता पत्र।
२३. ऐ.ऐ.को पक्राउ अनुमति पत्र।
२४. ऐ.२० गतेको मानिस खोजतलासको लागी लेखिएको पत्र।
२५. ऐ.ऐ.को प्रतिवादीको नागरिकताको प्रतिलिपी।
२६. ऐ.१८ गतेको मानव अधिकार आयोगको पत्र।
२७. ऐ.०६।०१ गतेको राष्ट्रिय मानव अधिकार आयोगको पत्र ।
२८. ऐ.।०७।१६ गतेको जानकारी उपलब्ध गराईएको पत्र।
२९. ऐ.०८।१४ गतेको पुन अनुसन्धान अधिकृत तोकिएको पत्र।
३०. ऐ.१४ गतेको राम सुदन तिमल्सिनाले गरेको कागज पाना २।
३१. ऐ.२४ गतेको मानिस फेला नपरेको पत्र।
३२. ऐ.२६ गतेको रोशन कुमार श्रेष्ठले गरेको कागज पाना २ ।
३३. ऐ.२९गतेको मानिस फेला नपरेको पत्र ।

**यस अभियोगपत्रबाट मुद्दाको कारवाही शुरु गर्न अनुरोध गरिन्छ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको,**

**दस्तखतः**

**नामः** नितेशबाबु त्रिताल

**दर्जाः** सहायक जिल्ला न्यायाधिवक्ता

**कार्यालयः** जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं।

**मितिः** २०८०/०९/ ०६/६